# आकाशवाणी समाचार- नेपाली

मितिः १२ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- आज राष्ट्रिय युवा दिवस हो। आज स्वामी विवेकानन्दको जन्मजयन्ती पनि हो। यस अवसरमा, प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा विकसित भारत यंग लीडर्स डॉयलांग 2026 को समापन सत्रमा भाग लिनुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज अहमदाबादमा जर्मन चान्सलर फ्रेडरिक मर्त्ज़ सँग भेट गर्नुहुनेछ।

- भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आज बिहान १० बजेर १७ मिनटमा श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रको प्रथम प्रक्षेपण केंद्रबाट PSLV-C62 EOS-N1 मिसन प्रक्षेपण गर्नेछ।

- भारतले २०३० सम्ममा ५०० गिगावाट गैर-जीवाश्म इन्धनमा आधारित विद्युत क्षमता र २०७० सम्ममा नेट-शून्य कार्बन उत्सर्जन हासिल गर्ने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ।

- भारतले हिजो राति बडोदरामा भएको तीन म्याचको एकदिवसीय क्रिकेट शृङ्खलाको पहिलो म्याचमा न्युजिल्यान्डलाई चार विकेटले पराजित गऱ्यो।

**प्रधानमंत्री युवा दिवस**

आज राष्ट्रिय युवा दिवस हो। आज स्वामी विवेकानन्दको जन्मजयन्ती पनि हो। यस अवसरमा, प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा विकसित भारत यंग लीडर्स डॉयलांग 2026 को समापन सत्रमा भाग लिनुहुनेछ। श्री मोदीले अन्तर्राष्ट्रिय संस्थाहरूका युवा प्रतिनिधिहरू सहित भारत र विदेशका लगभग तिन हजार युवाहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। छनोट भएका सहभागीहरूले राष्ट्रिय महत्वका प्रमुख क्षेत्रहरूमा आफ्ना दृष्टिकोण र कार्यात्मक विचारहरू साझा गर्दै **दश** विषयगत ट्र्याकहरूमा प्रधानमन्त्रीलाई आफ्नो अन्तिम प्रस्तुतीकरण दिनेछन्। कार्यक्रमको क्रममा, प्रधानमन्त्रीले विकसित भारत युवा नेता संवाद २०२६ को लागि निबन्ध संग्रहको विमोचन गर्नुहुनेछ, जसमा भारतको विकास प्राथमिकताहरू र दीर्घकालीन राष्ट्र निर्माण लक्ष्यहरूमा युवा सहभागीहरूले लेखेका चयनित निबन्धहरू समावेश हुनेछन्।

**प्रधानमंत्री-जर्मन चांसलर**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अहमदाबादमा जर्मन चान्सलर फ्रेडरिक मर्त्ज़ सँग भेट गर्नुहुनेछ। श्री मोदी र मर्त्ज़ले साबरमती आश्रमको भ्रमण गर्नुहुनेछ र अहमदाबादमा अन्तर्राष्ट्रिय चङ्गा महोत्सवमा भाग लिनुहुनेछ। यसपछि बिहान ११ बजेर १५ मिनटमा गान्धीनगरको महात्मा मन्दिरमा द्विपक्षीय बैठक हुनेछ। बैठकको क्रममा, श्री मोदी र श्री मेर्ट्जले हालै २५ वर्ष पूरा गरेको भारत-जर्मनी रणनीतिक साझेदारीमा भएको प्रगतिको समीक्षा गर्नुहुनेछ।

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज तिरुवनन्तपुरममा भाजपाको राज्य कोर कमिटीको बैठकमा भाग लिनुभयो। केरला भ्रमण सकेर प्रस्थान गर्नु अघि उहाँले एनडीए राज्य कमिटीको बैठकमा पनि भाग लिनुभयो।

**इसरो**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आज बिहान १० बजेर १७ मिनटमा श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रको प्रथम प्रक्षेपण केंद्रबाट PSLV-C62 EOS-N1 मिसन प्रक्षेपण गर्नेछ। यो मिसन भारतको सबैभन्दा भरपर्दो र सफल प्रक्षेपण यान, PSLV को ६४ औं उडान हुनेछ। यो मिसनलाई न्यूस्पेस इन्डिया लिमिटेडले सञ्चालन गरिरहेको छ। यो पृथ्वी अवलोकन उपग्रह निर्माण र प्रक्षेपण गर्ने नवौं व्यावसायिक मिसन हो। रकेटले भारत र अन्य देशहरूबाट १५ अन्य उपग्रहहरू पनि बोक्नेछ। प्रक्षेपणको लागि PSLV-DL भेरियन्ट प्रयोग गरिनेछ। यो दुई ठोस स्ट्र्याप-अन मोटरहरूले सुसज्जित छ, जसले गर्दा यानले धेरै उपग्रहहरूलाई सटीक कक्षमा राख्न सक्षम बनाउँछ। यस मिसनको विशेष आकर्षण भनेको स्पेनी स्टार्टअपद्वारा विकसित केस्ट्रेल इनिशियल टेक्नोलॉजीको प्रदर्शन हो। यो भविष्यको पुन: प्रयोग गर्न मिल्ने सवारी साधनको सानो स्तरको प्रोटोटाइप हो। यो अन्तिम सञ्चालन पेलोड हुनेछ र दक्षिण प्रशान्त महासागरमा नियन्त्रित अवतरण अघि पृथ्वीको वायुमण्डलमा पुन: प्रवेश गर्ने अपेक्षा गरिएको छ।

**जोशी-आईआरईएनए**

भारतले २०३० सम्ममा ५०० गिगावाट गैर-जीवाश्म इन्धनमा आधारित विद्युत क्षमता र २०७० सम्ममा नेट-शून्य कार्बन उत्सर्जन हासिल गर्ने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ। अबुधाबीमा भएको अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीको १६ औं बैठकमा बोल्नुहुदै, नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले ऊर्जा उपयोगमा परिवर्तनका लागि भारतको दृष्टिकोण "वसुधैव कुटुंबकम" - एक पृथ्वी, एक परिवार, एक भविष्यको सिद्धान्तबाट प्रेरित रहेको बताउनुभयो। उहाँले यो दृष्टिकोण समानता, समावेशीता र नीतिगत दिगोपनको दीर्घकालीन दृष्टिकोणमा आधारित रहेको बताउनुभयो।
श्री जोशीले भन्नुभयो भारतले २०२५ सम्ममा गैर-जीवाश्म इन्धन स्रोतहरूबाट आफ्नो स्थापित विद्युत क्षमताको ५० प्रतिशतको लक्ष्य हासिल गरेको छ, जुन पेरिस सम्झौता अन्तर्गतको राष्ट्रिय रूपमा निर्धारित योगदान लक्ष्यभन्दा पाँच वर्ष अगाडि छ।

**वैष्णव-वाशिंगटन**

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले अमेरिकाको वाशिंगटनमा हुने G-7 महत्वपूर्ण खनिज मन्त्रीस्तरीय बैठकमा भाग लिनुहुनेछ। बैठकको उद्देश्य रणनीतिक स्रोतहरूको लागि विश्वव्यापी आपूर्ति शृङ्खलाहरू सुरक्षित गर्नु हो। श्री वैष्णवले एक सामाजिक सञ्जाल पोस्टमा विकसित भारतको दृष्टिकोणलाई साकार पार्न महत्वपूर्ण खनिजहरूको लागि सुरक्षित आपूर्ति शृङ्खलाहरू आवश्यक रहेको बताउनुभएको छ। G-7 मा युरोपेली संघसँगै अमेरिका, ब्रिटेन, जापान, फ्रान्स, जर्मनी, इटाली र क्यानडा समावेश छन्। लिथियम, कोबाल्ट, ग्रेफाइट र तामा जस्ता महत्वपूर्ण खनिजहरू र दुर्लभ पृथ्वी तत्वहरू रक्षा प्रणाली, सेमीकंडक्टर्स, नवीकरणीय ऊर्जा प्रौद्योगिकि, विद्युतीय सवारी साधन ब्याट्री र उन्नत उत्पादनका लागि आवश्यक छन्।

**अमरीका-वेनेजुएला कोष**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा जम्मा गरिएको भेनेजुएला सरकारको कोष अदालत र ऋणदाताहरूद्वारा जफत हुनबाट रोक्न राष्ट्रिय आपतकाल घोषणा गर्नुभएको छ। एक कार्यकारी आदेशमा, श्री ट्रम्पले भेनेजुएला सरकारको निक्षेपहरू विरुद्ध कुर्की वा अन्य न्यायिक कार्यवाहीको धम्कीले अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिलाई गम्भीर रूपमा हानि पुर्‍याउनेछ। उहाँले यस्तो कार्यले भेनेजुएलामा आर्थिक र राजनीतिक स्थिरता प्रवर्द्धन गर्ने अमेरिकी प्रयासहरूमा बाधा पुग्ने बताउनुभयो। कार्यकारी आदेशले विदेशी सरकारी निक्षेपहरू विरुद्ध कुनै पनि कुर्की, गिरवी वा अन्य न्यायिक कार्यवाहीमा प्रतिबन्ध लगाउँछ।

आदेशमा यी कोषहरू प्राकृतिक स्रोतहरूको बिक्रीबाट भेनेजुएला सरकारले प्राप्त गरेको हो। कार्यकारी आदेशले स्पष्ट गरेको छ कोषहरूलाई भेनेजुएलाको सार्वभौम सम्पत्ति मानिनेछ। आदेशले यो पनि भनिएको छ कि अमेरिकी सरकार यी कोषहरूको संरक्षक मात्र हो।

**क्रिकेट**

भारतले हिजो राति बडोदरामा भएको तीन म्याचको एकदिवसीय क्रिकेट शृङ्खलाको पहिलो म्याचमा न्युजिल्यान्डलाई चार विकेटले पराजित गऱ्यो। ३०१ रनको लक्ष्य पछयाउँदै भारतले ४९ ओभरमा ६ विकेट गुमाएर ३०६ रन बनायो। रोहित शर्माको आउट भएपछि, कप्तान शुभमन गिल र विराट कोहलीले दोस्रो विकेटको लागि ११८ रनको महत्वपूर्ण साझेदारी गर्दै इनिङलाई स्थिर बनाए। गिलले ७१ बलमा ५६ रन बनाए भने कोहलीले ९१ बलमा ९३ रन बनाए।

यसअघि, पहिले ब्याटिङ गर्दै न्युजिल्यान्डले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३०० रन बनाएको थियो। डेरिल मिचेलले सर्वाधिक ८४ रन बनाए भने हेनरी निकोल्सले ६२ रनको योगदान दिए। भारतका लागि मोहम्मद सिराज, हर्षित राणा र प्रसिद्ध कृष्णले दुई-दुई विकेट लिए। दोस्रो म्याच बुधबार राजकोटमा खेलिनेछ र तेस्रो म्याच १८ जनवरीमा इन्दौरमा खेलिनेछ।